# स्थानीय राजपत्र

खण्डः४ संख्याः१८ मिति २०८३/०३/२२

भाग-१

तुम्बेवा गाउँपालिका, पाँचथरद्धारा प्रकाशित


## तुम्बेवा गाउँपालिका, पाँचथरको आर्थिक ऐन, २०८३/०८४

गाउँसभाबाट स्वीकृत मितिः २०८३/०३/१०

# आर्थिक ऐन, २०८३/०८४

**गाउँ सभामा पेश गरिएको मितिः २०८३/०३/१०**
**गाउँ सभाबाट पारित भएको मितिः २०८३/०३/१०**

## तुम्बेवा गाउँपालिका

### पाँचथर

**कोशी प्रदेश, नेपाल**

## तुम्बेवा गाउँपालिका, पाँचथरको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

## आर्थिक ऐन, २०८३/०८४

**प्रस्तावनाः** तुम्बेवा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तुम्बेवा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३/०८४" रहेको छ।
   (२) यो ऐन २०८३ साल श्रावण १ गते देखि तुम्बेवा गाउँपालिकाको क्षेत्रमा लागु हुनेछ।

२. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

३. वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

४. व्यवसाय करः गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (१५) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ।

५. सवारी साधन करःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

६. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. मनोरञ्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. दहत्तर बहत्तर शुल्क बापत अनुसूची (१९) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

९. सिफारिस दस्तुरः अनुसूची (११) मा उल्लिखित सिफारिसहरुमा उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूची मा व्यवस्था भए अनुसार सफारिस दस्तुर लगाइने र असुल उपर गरिनेछ।

१०. अन्य कर गाउँपालिका क्षेत्रभित्र अनुसूची (६) बमोजिम अन्य कर लगाइने र असुल उपर गरिनेछ।

११. बहाल बिटौरी करः गाउँपालिका क्षेत्र भित्र अनुसूची (३) बमोजिम बहाल बिटौरी कर लगाइने र असुल उपर गरिनेछ।

१२. पूर्वाधार सेवाको उपयोगमा लाग्ने करः गाउँपालिका क्षेत्र भित्र अनुसूची (५) बमोजिम पूर्वाधार सेवाको उपयोगमा कर लगाइने र असुल उपर गरिनेछ।

१३. न्यायिक दस्तुरमा लाग्ने करः गाउँपालिका क्षेत्र भित्र अनुसूची (७) बमोजिम न्यायिक दस्तुर लगाइने र असुल उपर गरिनेछ।

१४. शिक्षा क्षेत्रको दस्तुरः गाउँपालिका क्षेत्र भित्र अनुसूची (८) बमोजिम शिक्षा क्षेत्रमा दस्तुर लगाइने र असुल उपर गरिनेछ।

१५. परीक्षा शुल्कः गाउँपालिका क्षेत्र भित्र अनुसूची (९) बमोजिम परीक्षा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१६. घर नक्सा पास दस्तुरः गाउँपालिका क्षेत्र भित्र अनुसूची (१०) बमोजिम घर नक्सा पास दस्तुर लगाइने र असुल उपर गरिनेछ।

१७. व्यक्तिगत घटना दर्ता दस्तुरः गाउँपालिका क्षेत्र भित्र अनुसूची (१२) बमोजिम व्यक्तिगत घटना दर्ता दस्तुरः लगाइने र असुल उपर गरिनेछ।

१८. नाता प्रमाणित दस्तुरः गाउँपालिका क्षेत्र भित्र अनुसूची (१३) बमोजिम नाता प्रमाणित दस्तुरः लगाइने र असुल उपर गरिनेछ।

१९. अन्य दस्तुरः गाउँपालिका क्षेत्र भित्र अनुसूची (१४) बमोजिम अन्य दस्तुर लगाइने र असुल उपर गरिनेछ।

२०. बेरुजुः गाउँपालिका क्षेत्र भित्र अनुसूची (१६) बमोजिम बेरुजु रकम लगाइने र असुल उपर गरिनेछ।

२१. निकासा फिर्ताः गाउँपालिका क्षेत्र भित्र अनुसूची (१७) बमोजिम निकासा फिर्ता लगाइने र असुल उपर गरिनेछ।

२२. अनुदान फिर्ताः गाउँपालिका क्षेत्र भित्र अनुसूची (१८) बमोजिम अनुदान फिर्ता दस्तुरः लगाइने र असुल उपर गरिनेछ।

२३. जरिवाना तथा कर छुटः गाउँपालिका क्षेत्रभित्र अनुसूची (२०) बमोजिम जरिवाना लगाइने तथा कर छुट दिइनेछ।

२४. कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिःयो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार रहुनेछ।

२५. बजार क्षेत्र भन्नाले तुम्बेवा गाउँपालिकाका सबै पक्की ढलान भएका बजार क्षेत्रको १०० मिटर दाया बाँयाको क्षेत्र साथै तमोर कोरिडोर क्षेत्र तथा लखुवा-मौवा कालोपत्रे सडकको दायाँ बाँया १०० मिटर आसपासको क्षेत्रलाई सम्झनु पर्नेछ।

## अनुसूची १: भूमिकर/मालपोत

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | वडा नं १ प्रति रोपनी | ४.०० | ६००००.०० |
| २ | वडा नं २ प्रति रोपनी | ४.०० | ६००००.०० |
| ३ | वडा नं ३ प्रति रोपनी | ८.०० | ८००००.०० |
| ४ | वडा नं ४ प्रति रोपनी | ६.०० | ७५०००.०० |
| ५ | वडा नं ५ प्रति रोपनी | ६.०० | ७५०००.०० |
| **जम्मा** | | | **३५००००.००** |

## अनुसूची २: बहाल कर

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | घर बहाल कर | १०.००% | ८००००.०० |
| २ | जग्गा बहाल  कर | १०.००% | २००००.०० |
| ३ | मेसिनरी औजार बहाल कर | १०.००% | ५००००.०० |
| **जम्मा** | | | **१५००००.००** |

## अनुसूची ३: बहाल बिटौरी कर

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | **हाटकर** | | |
| | स्थानीय हाटमा (बजार) साधारण व्यापार गर्न ल्याएमा प्रति हाट | ५०.०० | ३००००.०० |
| | गाउँपालिकाबाट निर्मित टहरा प्रयोग गर्दा लाग्ने भाडा प्रतिहाट/प्रतिटहरा | ५०.०० | २००००.०० |
| | **जम्मा** | | **५००००.००** |
| | स्थानीय कृषकले उत्पादन गरि बेच्न ल्याएको कृषिजन्य बस्तुमा कर लाग्ने छैन। तर टहरा प्रयोग गरेमा टहराको भाडा लाग्नेछ। | | |
| २ | **पटके कर** | | |
| | गाउँपालिका भित्र सामान बेच्न ल्याउदा प्रति ट्रक (प्रति पटक) | २०००.०० | ५००००.०० |
| | गाउँपालिका भित्र सामान बेच्न ल्याउदा प्रति पिकअप (प्रति पटक) | १०००.०० | १०००००.०० |
| **जम्मा** | | | **१५००००.००** |

## अनुसूची ४: सवारी साधन कर (साना सवारी)

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | सिटि सफारी, टेम्पो प्रतिवर्ष | १०००.०० | **४०००.००** |
| | **जम्मा** | | **४०००.००** |

## अनुसूची ५:  पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | बस प्रतिदिन | १००.०० | २५०००.०० |
| २ | भाडाका सवारी साधन (जिप, भ्यान, माइक्रोबस र अन्य) | ५०.०० | २५०००.०० |
| | **जम्मा** | | **५००००.००** |

## अनुसूची ६: अन्य कर

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| **१** | **निकासी कर** | | |
| | गोलिया/फेन्टा (कुकाठ) प्रति ट्रक | १०००.०० | ७०००००.०० |
| | गोलिया/फेन्टा (कुकाठ) प्रति ट्याक्टर | ५००.०० | ५००००.०० |
| | खोटो प्रति के.जि. | १.०० | १००००.०० |
| | खयर प्रति ट्रक | १००००.०० | १०००००.०० |
| | अदुवा/अम्लिसोको कुचो प्रति ट्रक | २०००.०० | ५००००.०० |
| | अदुवा/अम्लिसोको कुचो प्रति ट्याक्टर | १०००.०० | ३००००.०० |
| | अदुवा/अम्लिसोको कुचो प्रति पिकअप | ५००.०० | ५००००.०० |
| | अलैची  प्रति  ट्रक | २५००.०० | ५००००.०० |
| | अलैची प्रति पिकअप | १०००.०० | १००००.०० |
| | सुन्तला प्रति पिकअप | ५००.०० | २५०००.०० |
| | चिराइतो प्रति पिकअप | ५००.०० | १००००.०० |
| | रुद्राक्ष प्रति के.जि. | ५.०० | १००००.०० |
| | दलहन (दाल, बोडी, सिमि र अन्य) प्रति के.जि | १.०० | २००००.०० |
| | बंगुर पाठा प्रतिगोटा | ५.०० | ५०००.०० |
| | खसी, बोका,  बाख्रा  प्रतिगोटा | २०.०० | ५०००.०० |

| | | | |
|---|---|---|---|
| | गाइ, गोरु, भैसी, राँगा प्रतिगोटा | १००.०० | ५०००.०० |
| | माथि उल्लेखित बाहेकका अन्य कृषिजन्य सामानहरुको प्रति पिकअप | ५००.०० | १००००.०० |
| **जम्मा** | | | **११४००००.००** |
| **२** | **घरधुरी कर** | | |
| | घरधुरी कर (बजारमा  पक्कि घर प्रतितला) | ५००.०० | २००००.०० |
| | घरधुरी कर (गाउँमा पक्कि घर प्रतितला) | ३००.०० | २००००.०० |
| | घरधुरी कर (बजारमा जस्ताले छाएको) | २००.०० | २००००.०० |
| | घरधुरी कर (गाउँमा साधारण घर ) | १००.०० | २००००.०० |
| | अव्यवस्थित बसोबासमा भएको घर | १०००.०० | २००००.०० |
| **जम्मा** | | | **१०००००.००** |

## अनुसूची ७: न्यायिक दस्तूर

| क्र स | बिवरण | करको दर रू. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | न्यायिक समिति उजुरी दर्ता/प्रतिउत्तर दर्ता | ५०.०० | १०००.०० |
| **जम्मा** | | | **१०००.००** |

## अनुसूची ८: शिक्षा क्षेत्रको आम्दानी

| क्र स | बिवरण | करको दर रू. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | कक्षा ८ को लाब्धांक पत्र प्रतिलिपि | ५००.०० | २५०००.०० |
| २ | शिक्षक सरुवा सहमति | २०००.०० | ७५०००.०० |
| **जम्मा** | | | **१०००००.००** |

## अनुसूची ९: परिक्षा शुल्क

| क्र स | बिवरण | करको दर रू. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | दरखास्त फारम पेश गरे वापत | नियमानुसार | २००००.०० |
| **जम्मा** | | | **२००००.००** |

## अनुसूची १०: नक्सापास दस्तुर (घर)

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | बजार क्षेत्रभित्रका पक्कि घर प्रति वर्ग फिट | ६.०० | ५००००.०० |
| २ | बजार क्षेत्रभित्रका जस्ताले छाएको पक्कि घर प्रति वर्ग फिट | ५.०० | ३००००.०० |
| ३ | ग्रामिण क्षेत्रभित्रका पक्कि घर प्रति वर्ग फिट | ४.०० | १५०००.०० |
| ३ | ग्रामिण क्षेत्रभित्रका साधारण घर प्रति वर्ग फिट | १.०० | ५०००.०० |
| **जम्मा** | | | **१०००००.००** |

## अनुसूची ११: सिफारिस दस्तुर

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | नागरिकता प्रतिलिपि तथा संसोधन सिफारिस | ५००.०० | २००००.०० |
| २ | अंगिकृत नागरिकता सिफारिस | १०००.०० | ५०००.०० |
| ३ | अन्य सबै प्रकारको सिफारिस | ५००.०० | १०००००.०० |
| ४ | संस्थागत विद्यालय खोल्ने सिफारिस/अनुमति | १५०००.०० | ३००००.०० |
| ५ | संस्थागत विद्यालय कक्षा थप गर्ने सिफारिस/अनुमति | १००००.०० | २००००.०० |
| ६ | संस्थागत  विद्यालय ठाउँसारी गर्ने सिफारिस | ५०००.०० | १००००.०० |
| ७ | घर कायम सिफारीस बजार क्षेत्रको | १०००.०० | ४५०००.०० |
| ८ | घर कायम सिफारीस ग्रामिण क्षेत्रको | ५००.०० | २००००.०० |
| ९ | पेन्सन सिफारिस भारतमा | २०००.०० | १००००.०० |
| १० | पेन्सन सिफारिस अन्य देशमा | ४०००.०० | २००००.०० |
| ११ | शहरी क्षेत्रमा बबसोबास सिफारिस | ५००.०० | ५०००.०० |
| १२ | ग्रामिण क्षेत्रमा बबसोबास सिफारिस | २००.०० | ५०००.०० |
| १३ | अपुताली प्रमणित सिफारीस | २०००.०० | १००००.०० |
| १४ | कडा काठको रुख काट्ने सिफारिस प्रतिगोटा | ५००.०० | २०००००.०० |
| १५ | नरम काठको रुख काट्ने सिफारिस प्रतिगोटा | २००.०० | २५००००.०० |
| **जम्मा** | | | **७५००००.००** |
| क) वडाबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकाबाट सिफारी/प्रमाणित गर्नु परेमा पुन दस्तुर लाग्नेछैन। | | | |
| ख) माथि उल्लेखित सिफारिस हराई वा नष्ट भई पुन निकाल्नु परेमा सुरु दस्तुर लाग्नेछ। | | | |

## अनुसूची १२: व्यक्तिगत घटना दर्ता दस्तुर

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | व्यतिगत घटना दर्ता दस्तुर | नियमानुसार | ४५०००.०० |
| **जम्मा** | | | **४५०००.००** |

## अनुसूची १३: नाता प्रमाणित दस्तुर

| क्र स | बिवरण | करको दर | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | व्यतिगत विवरण प्रमाणित | ५००.०० | २००००.०० |
| २ | व्यतिगत आय प्रमाणित (जम्मा आय रकमको ०.१०%) | ०.१०% | ३००००.०० |
| **जम्मा** | | | **५००००.००** |
| क) वडाबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकाबाट प्रमाणित गर्नु परेमा पुन दस्तुर लाग्नेछैन। | | | |
| ख) माथि उल्लेखित सिफारिस हराई वा नष्ट भई पुन निकाल्नु परेमा सुरु दस्तुर लाग्नेछ। | | | |

## अनुसूची १४: अन्य दस्तुर

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | मेसिन सुचिकृत १०० एच.पी. भन्दा कम | ३०००.०० | १२०००.०० |
| २ | मेसिन सुचिकृत १०० एच.पी. भन्दा माथि | ५०००.०० | १००००.०० |
| ३ | सुची दर्ता | ५००.०० | ६००००.०० |
| ४ | सहकारी दर्ता | ५०००.०० | १००००.०० |
| ५ | संस्था/समिति दर्ता | १०००.०० | २००००.०० |
| ६ | संस्था/समिति नविकरण | ५००.०० | २००००.०० |
| ७ | टोल विकास संस्था दर्ता | ५००.०० | ५०००.०० |
| ८ | टोल विकास संस्था नविकरण | २५०.०० | ३०००.०० |
| ९ | कृषक समुह दर्ता | १०००.०० | १००००.०० |
| १० | कृषक समुह नवीकरण | ५००.०० | ५०००.०० |
| ११ | अमिन शुल्क | | |
| | बजार क्षेत्रको जग्गाको सिमाङ्कन गर्न प्रति कित्ता | २५००.०० | २००००.०० |
| | रुख कटान प्रयोजन प्रति कित्ता रु. ६०००/- साथै एउटै नक्सा सिटमा भएको फड्के कित्ता नापजाँच गर्नुपर्ने भएमा प्रति कित्ता रु. १०००/- का दरले थप शुल्क लाग्नेछ। | ६०००.०० | २०००००.०० |

| | | | |
|---|---|---|---|
| | ग्रामिण क्षेत्रको जग्गाको सिमाङ्कन गर्न न्युनतम एक रोपनीको रु १०००/- लाग्नेछ र एक रोपनी भन्दा धेरै भएमा प्रति रोपनी रु. २००/- का दरले थप शुल्क लाग्नेछ। साथै एउटै नक्सा सिटमा भएको फड्के कित्ता नापजाँच गर्नुपर्ने भएमा प्रति रोपनी रु. २००/- का दरले थप शुल्क लाग्नेछ। | १०००.०० | ५००००.०० |
| | पुरानो पक्कि घरको अभिलेखीकरणका निम्ति नापजाँच गर्न जादा | २०००.०० | ५०००.०० |
| १२ | एम्बुलेन्सको आम्दानी | | |
| १३ | ट्याक्टरको आम्दानी | | |
| १४ | ब्याक हो लोडरको आम्दानी | | |
| **जम्मा** | | | **४३००००.००** |

**अनुसूची १५: व्यवसायीले भुक्तानी गर्ने**

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | व्यवसाय/फर्म दर्ता शुल्क | २०००.०० | १०००००.०० |
| २ | व्यवसाय/फर्म नविकरण शुल्क | १०००.०० | १०००००.०० |
| ३ | मदिराजन्य पदार्थको बिक्रि (थप शुल्क लाग्ने) | २५००.०० | ३००००.०० |
| ४ | सुर्तीजन्य पदार्थको बिक्रि (थप शुल्क लाग्ने) | १०००.०० | १००००.०० |
| ५ | घ वर्गको इजाजत पत्र दर्ता | १५०००.०० | ३००००.०० |
| ६ | घ वर्गको इजाजत पत्र नविकरण | ५०००.०० | २००००.०० |
| ७ | घ वर्गको कारोबार थप र नाम ठेगाना परिवर्तन | ५०००.०० | १००००.०० |
| **जम्मा** | | | **३०००००.००** |

| **व्यवसाय/फर्म दर्ता गरी सञ्चालन गर्न अनुमति दिने कारोबारहरु** | | | |
|---|---|---|---|
| **क्र.स** | **कारोबारको किसिम** | **कोड** | **कैफियत** |
| १ | किराना तथा खाधान्नको खुद्रा साथै होलसेल बिक्रि | TRM01 | |
| २ | हार्डवेयर तथा ततसम्बन्धि सामानको बिक्रि | TRM02 | |
| ३ | सुनचादी तथा गरगहना पसल साथै ततसम्बन्धी सामानको निर्माण | TRM03 | |
| ४ | क्लिनिक/ मेडिकल संचालन | TRM04 | |
| ५ | फार्मेसी तथा ल्याब संचालन | TRM05 | |

| | | | |
|---|---|---|---|
| ६ | कार्यालय संचालन सम्बधि कागजपत्र तयार पार्ने | TRM06 | |
| ७ | कानुनले तोके बमोजिम वन पैदावार र जडीबुटी खरिद बिक्री गर्ने | TRM07 | |
| ८ | होटल एण्ड लज | TRM08 | |
| ९ | चिया पसल, खाना तथा खाजा घर | TRM09 | |
| १० | रेडिमेड तथा थान कपडाको बिक्रि | TRM10 | |
| ११ | नेटवर्क सर्भिस तथा इन्टरनेट सेवा बिक्रेता | TRM11 | |
| १२ | स्टेसनरी, छाप बनाउने, फोटोकपी तथा छपाई सम्बन्धि कार्य गर्ने | TRM12 | |
| १३ | मर्मत सम्बधि बिबिध कार्य गर्ने | TRM13 | |
| १४ | इलेक्ट्रोनिक सामानको बिक्रि | TRM14 | |
| १५ | मोबाइल मर्मत तथा बिक्रि | TRM15 | |
| १६ | जुत्ता चप्पलको बिक्रि | TRM16 | |
| १७ | फेन्सी पसल (विभिन्न सामानहरुको खुद्रा बिक्रि) | TRM17 | |
| १८ | मनीट्रान्सफर | TRM18 | |
| १९ | मोटरसाइकल मर्मत | TRM19 | |
| २० | सैलुन, ब्युटी पार्लर, कस्मेटिक सामानहरुको बिक्रि | TRM20 | |
| २१ | नर्सरी फर्म, | TRM21 | |
| २२ | पशु तथा पन्छीपालन फर्म | TRM22 | |
| २३ | उपहार तथा सजाउने समानहरुको बिक्रि | TRM23 | |
| २४ | मौरीपालन फर्म | TRM24 | |
| २५ | मिस्त्रित  खेति, | TRM25 | |
| २६ | फर्निचर उद्योग | TRM26 | |
| २७ | डेरी उधोग | TRM27 | |
| २८ | पाउरोटी उधोग | TRM28 | |
| २९ | फ्रेस हाउस (मासु पसल) , सब्जी पसल | TRM29 | |
| ३० | बिबिध तालिम दिने  तथा ट्युसन सेन्टर | TRM30 | |
| ३१ | कोल्ड सेन्टर | TRM31 | |
| ३२ | भाडापसल | TRM32 | |
| ३३ | टेलर्स | TRM33 | |
| ३४ | पुजा सामाग्री | TRM24 | |
| ३५ | चटपटे तथा पानीपुरी पसल | TRM35 | |
| ३६ | मदिराजन्य पदार्थको बिक्रि | TRM36 | |

| | | | |
|---|---|---|---|
| ३७ | सुर्तीजन्य सामानहरुको बिक्रि | TRM37 | **नियमानुसार थप शुल्क लिई अनुमति दिन मिल्ने** |
| ३८ | विविध सामग्रीहरुको खरिद बिक्रि गर्ने | TRM38 | |
| ३९ | ग्यास तथा इन्धनको खुद्रा बिक्रि | TRM39 | |
| ४० | मिठाई पसल | TRM40 | |
| ४१ | बिबिध सामग्रीहरु भाडामा लिने र दिने | TRM41 | |
| ४२ | ढुवानी सेवा | TRM42 | |
| ४३ | कस्मेटिक सामानहरुको बिक्रि | TRM43 | |

## अनुसूची १६: बेरूजू

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | बेरुजु दाखिला | नियमानुसार | २५००००.०० |
| **जम्मा** | | | **२५००००.००** |

## अनुसूची १७: निकासा फिर्ता

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | निकासा फिर्ता | नियमानुसार | १०००००.०० |
| **जम्मा** | | | **१०००००.००** |

## अनुसूची १८: अनुदान फिर्ता

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | अनुदान फिर्ता | नियमानुसार | ५००००.०० |
| **जम्मा** | | | **५००००.००** |

## अनुसूची १९: दहत्तर बहत्तर शुल्क

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा,संकलन बिक्रीमा लाग्ने | नियमानुसार | ७०००००.०० |
| **जम्मा** | | | **७०००००.००** |

## अनुसूची २०: जरिवाना तथा कर छुट

| क्र स | बिवरण | करको दर रु. | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | गाउँपालिकालाइ बुझाउनु पर्ने रकम समयमा नबुझाएमा बक्यौता रकमको १०% जरिमाना  लाग्नेछ। यदि  बक्यौता रकम चालु आ.व को सुरुको तिन महिना भित्र कर बुझाएमा जरिमाना रकमको ५०% छूट हुनेछ। साथै चालु आ.व को कर सुरुको ३ महिना भित्र बुझाएमा जरिमाना लाग्ने छैन) | १०% | ५००००.०० |
| २ | खोला, नदि र खानीजन्य सामग्री अनुमति नलिई उत्खनन गरेमा प्रति पटक | १००००.०० | ५००००.०० |
| **जम्मा** | | | **१०००००.००** |

| **जम्मा अनुमानित वार्षिक आय:** | **५०,००,०००.००** |
|---|---|

आज्ञाले
कुल प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत